परियोजनाको तर्फबाट राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा प्रकाशित

राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धिका लागि

# महिला विचार

# MAHILA BICHAR

त्रैमासिक बुलेटिन

वर्ष २, अंक २, पूर्णाङ्क ६, २०६७

Year 2, Vo. 2, Total Edition 6, 2010






लोकतान्त्रिक महिला मञ्चहरूले......
हेमराज लामिछाने



राष्ट्रपति र प्रधानमन्त्री समक्ष........
कल्पना नेपाली



हामी आफ्नै हिसाबले सञ्चालन........
नलु कुमारी गुरुङ



हामीले अपेक्षित सफलता हाशिल........
शिला श्रेष्ठ



अब स्थानीय श्रोत परिचालनमा.......
भूवन कुँवर



जिविस, गाविसहरुमा बजेट .......
गोमा गोले

UNDEF The United Nations Democracy Fund

Association of District Development Committees of Nepal 2051

World Vision Advocacy Forum 2004

NIWF Kathmandu, Nepal Estd. 1998

सल्लाहकार समिति
हेमराज लामिछाने
नवराज अधिकारी
यशोकान्ति भट्टचन
दयासागर श्रेष्ठ

सम्पादन समिति
सोनी लामा
नवराज कोइराला
सुरेन्द्र विष्ट

सम्पादक
जगतमान लामा

सम्पादन सहयोगी
होमराज कुँवर
मायालु तामाङ
लोकेन्द्र भट्ट

**Advisor Committee**
*Hem Raj Lamichhane*
*Nava Raj Adhikari*
*Yashokanti Bhattachan*
*Daya Sagar Shrestha*

**Editorial Committee**
*Sony Lama*
*Nawa Raj Koirala*
*Surendra Bista*

**Editor**
*Jagat Man Lama*

**Editorial Assistant**
*Hom Raj Kunwar*
*Mayalu Tamang*
*Lokendra Bhatta*

प्रकाशकीय:
यस बुलेटिनमा प्रकाशित लेख तथा विचारहरूले सम्बद्ध संस्थाहरुको आधिकारिक धारणालाई प्रतिनिधित्व गर्दैन ।

**Printed at:**
Baidyaju Stationery & Printers
Kathmandu, Nepal
Tel: 4433412

# सम्पादकीय

## चेतना अभिवृद्धिको सार्थक प्रयास

नेपालको राजनीतिमा सीमान्तकृत जातिको सहभागिता अत्यन्त न्युन छ । सीमान्तकृत जातिको समाजमा अस्तित्व नै लोप हुने स्थिति छ । सामाजिक पहिचान गुमाउदै गएका त्यस्ता जातिलाई राजनीतिको मूलधारमा ल्याउने काम अत्यन्त कठिन छ । त्यस्ता जातिका महिलाहरु त झन् धेरै पछाडि छन् । तिनको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक अवस्था अकल्पनीय रूपले दयानीय छ । समाग्र सीमान्तकृत जातिलाई मूलधारमा हिडाउन ती जातिका महिलालाई राजनीतिक रूपले जागृत गराउनु जरूरी छ । सीमान्तकृत जातिका महिलामा राजनीतिक चेतना जागृत गराउन सकियो भने तिनको सहभागिता रहन सम्भव छ ।

मान्छेको सर्वाङ्गिण विकासको लागि चेतना सबभन्दा महत्वपूर्ण कुरा हो । त्यसमा पनि राजनीतिक चेतना भएन भने मान्छेको अस्तित्व नै देखिदैन । मानिस स्वभाविक रूपले नै राजनीतिक प्राणी हो । उ भित्र रहेको राजनीतिक चेतनालाई कुनै न कुनै रूपले जागृत गराउन सकियो भने उ समाजमा अपेक्षित ढंगाले हरेक कुरामा अग्रसर हुन सक्छ । राजनीतिक चेतनाले नै शैक्षिक, आर्थिक, सामाजिक आदि यावत क्षेत्रमा अग्रसर हुन प्रेरणा दिन्छ । अहिले नेपालको राजनीतिमा मात्र होइन अन्य क्षेत्रमा पनि महिला धेरै पिछडिएका छन् । त्यसमा पनि सीमान्तकृत जातिका महिला त कल्पना गर्नै नसकिने गरी पछि परेका छन् । यही यथार्थलाई महशुस गरी संयुक्त राष्ट्रसंघ प्रजातान्त्रिक कोषको सहयोगमा जिल्ला विकास समिति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च र विश्व परिदृश्य वकालत मञ्चले संखुवासभा, काभ्रे, लमजुङ, बाँके र कञ्चनपुरका सीमान्तकृत महिलालाई राजनीतिक राजनीतिक रूपमा सचेत गराउन, सक्रिय सहभागिता गराउन तीन वर्षसम्म निरन्तर कार्यक्रम सञ्चालन गर्दा निश्चित रूपमा सकारात्मक परिणाम निस्केको छ । राजनीतिमा सीमान्तकृत महिलाहरुको सहभागिता अभिवृद्धि कार्यक्रमको पहिलो चरण सम्पन्न भएको छ । पहिलो चरणको कार्यक्रम साधनश्रोतको हिसाबले अत्यन्तै सफल रहेको हाम्रो ठम्याइ छ ।

राजधानीभन्दा टाढा र दुर्गम क्षेत्रमा पर्ने पहाड र तराइका जिल्लामा गरिएको एकचरणको कार्यक्रमले केही उपलब्धी हाशिल गर्न सम्भव भए पनि यी र यस्तै प्रकारका अन्य कार्यक्रमको निरन्तरताको खाँचो अझै छ । दुर्गम क्षेत्रका सीमान्तकृत महिलालाई राजनीतिमा आउन सक्ने बनाउन संयुक्त राष्ट्रसंघ प्रजातान्त्रिक कोषले जुन सहयोग गर्‍यो त्यसका लागि हामी हार्दिक आभार प्रकट गर्न चाहान्छौ । दुर्गम क्षेत्रमा रातदिन खट्ने स्वयमसेवकहरुप्रति पनि हामी धन्यवाद ज्ञापन गर्दछौ । पिछडिएका क्षेत्र र जातिका महिलाको सर्वतोमुखी विकासबाटै देश विकास सम्भव छ भन्ने मान्यतामा विश्वास राखेर नै हामीले यस्तो कार्यक्रम सञ्चालन गर्ने जमर्को गरेका छौ । यसबाट हामीलाई पनि धेरै अनुभव हाशिल भएको छ । काम गर्ने दौरानमा धेरै नयाँ कुराको ज्ञान भएको छ । पहिलो चरणको कार्यक्रमले केही गरौ भन्ने भावना भएका सीमान्तकृत जातिका थुप्रै महिलाहरु तयार पार्न सफलता प्राप्त भएको छ । आगामी दिनमा हामीले यस्तै क्षेत्रमा काम गर्न मौका पायौ भने हामी अझ सफलतापूर्वक कार्य सम्पादन गर्न सक्छौ भन्ने आत्मविश्वास पैदा भएको छ । सयौ-हजारौ सीमान्तकृत महिलालाई राजनीतिक रूपले जागृत गर्नुको साथै हामी आफै पनि अनुभवले सम्पन्न भएका छौ । यही नै हाम्रो उपलब्धि हो ।

CamScanner

# लोकतान्त्रिक महिला मञ्चहरूले स्थानीय स्तरमा मान्यता पाइसकेका छन्



– *हेमराज लामिछाने, महासचिव, जिल्ला विकास समिति महासंघ*

➢ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिबृद्धि परियोजना संचालन भईरहेको छ, परियोजना संचालन पूर्व संचालन भएका जिल्लाहरूको महिलाहरूको अवस्था कसरी नियाल्नु भएको छ ?

▪ वास्तवमा हामीले सीमान्तकृत महिलाहरूलाई फोकस गरेर कार्यक्रम चलाएका छौ । त्यो चलाउनु भन्दा पूर्व हामीले ती जिल्ला बिकास समिति र खास गरी परियोजना संचालन भएका गाबिसहरूमा सीमान्तकृत महिलाहरूको एउटा बेस लाइन सर्भे पनि गरेका थियौं । त्यसको आधारमा हामीले त्यसको दुई वर्ष पछाडि हिजो र आजको अवस्थामा के परिवर्तन आयो भन्ने हेर्न सक्ने अवस्था हुन्छ । जुन अवस्थामा हामीले बेसलाइन सर्वे गरियो, त्यतिखेर महिला दिदीबहिनीहरूको खास गरेर दुई-तीनवटा इन्डिकेटरमा उहाँहरूको तहलाई हामीले हेर्ने कोसिस गरेका थियौ । त्यसमा खास गरेर महिला दिदीबहिनीहरूले सुसाशन, विकेन्द्रीकरण, स्थानीय सरकार भनेको के हो ? स्थानीय सरकारले कस्तो सेवा प्रदान गर्छ ? लोकतन्त्र भनेको के हो ? यसबाट हामीलाई के फईदा हुन्छ ? जस्ता कुराहरू हामीले उहाँहरूसंग सोद्धाखेरी ती बिषयमा उहाँहरू पूरै अनविज्ञ भएको हामीले पाएका थियौ । पछिल्ला दिनमा यो कार्यक्रम संचालन भएपछि थुप्रै कुराहरूमा हामीले जानकारी प्राप्त गरेको र खासगरी स्थानीय सरकार गाबिससंग सहकार्य गर्न सक्नेसम्मको क्षमता उहाँमा अभिबृद्धि भएको हामीले पाएपछि हामीलाई के गौरव लागेको छ भन्दाखेरी यो कार्यक्रमले उहाँहरूको चेतनामा, पहुँचमा खास गरेर विकास निर्माणको मूलप्रवाहमा आउन सकेको महसुस गरेका छौ ।

➢ भनेपछि आगामी दिनमा यो परियोजना समाप्त होला, समाप्त भएपछि स्वस्फुर्त रुपमा अगाडि बढ्न सक्छन भन्नेकुरामा कतिको विस्वस्त हुनुहुन्छ ?

▪ वास्तवमा यो परियोजनाको डिफेक्ट भनेर नै हामीले यसलाई लिएका छौं । हामीलाई एकदम चिन्ता लागिरहेको छ, दुई वर्ष भनेको अत्यन्त छोटो अवधि हो । त्यसकारणले अबको दिनमा यसलाई कसरी सस्टेन गराउने र यी महिला दिदीबहिनीहरूलाई कसरी हामीले निरन्तर त्यो मूलप्रवाहमा लगिराको कुरामा सोच्न बाध्य बनाएको छ । हामी लागिरहेका छौं, हामीलाई के बिश्वास छ भने परियोजनाले काम गरेको क्षेत्रका गाउँ बिकास समितिहरू र खासगरी जिल्ला बिकास समितिहरूले जुन किसिमको सहयोग ती महिला दिदीबहिनीहरूलाई प्रदान गरिरहेको छ, त्यो निरन्तरता रहनेछ र आगामी दिनहरूमा हामीले दोश्रो किसमको परियोजना लिएर त्यहाँ जान नसकेको अवस्थामा पनि एउटा फोरममा बसेर महिला दिदीबहिनीहरूको राजनीतिमा, विकासमा निरन्तरता रहने छ । उहाँहरूको आफ्नै सशक्तीकरणद्वारा आफ्नै पहलबाट अझै यसको फैलावट गर्ने, अझै गाउँविकास समितिहरू बढाउने र महिला दिदीबहिनीहरूको माग, अधिकार र कर्तब्यका बारेमा अगाडि बढ्नका लागि यो कार्यक्रमले सहयोग पुऱ्याउनेछ भन्नेमा म विश्वस्त छु ।

➢ परियोजना सञ्चालन भएको दुई वर्ष काम गरेपछि महिलाहरूको सवालहरूलाई कसरी समीक्षा गर्नुहुन्छ ?

▪ खासगरी सीमान्तकृत भनेपछि त्यो समुह, समुदाय, त्यो बर्ग, जो चाहिं वास्तवमा राज्यले प्रवाह गर्ने सेवा, सुबिधाको मूल प्रबाहबाट टाढा रहन्छ, सूचनाको पहुँचबाट टाढा रहन्छ र राज्य भन्दा बाहिर भएको अनुभुति गदर्छ । त्यसकारणले सीमान्तकृत अझ त्यसमा पनि महिला दिदीबहिनीहरू त्यो अत्यन्त सीमान्तकृत हुनुहुन्छ, राज्यले पछाडि पारेको छ, समुदायले पछाडि पारेको छ, घरले पछाडि पारेको छ, त्यस्ता दिदीबहिनीहरूलाई वास्तवमा हामीले त्यो कार्यक्रमबाट फोकस भाको छ । र ती दिदीबहिनीहरू आफ्नो अधिकारलाई सुनिश्चित गर्नका लागि सफल हुनुहुनेछ । त्यसका लागि राज्यले बनाउने नियम कानुनहरू राज्यले बनाउने संबिधानका धारा, संबिधान जस्ता महत्वपूर्ण दस्तावेजमा उहाँहरूको अधिकारलाई सुनिश्चित गर्न सकियो भने आगामी दिनमा सीमान्तकृत महिलाहरूलाई हामीले मुलप्रवाहमा ल्यउन सक्छौं ।

➢ अहिले नयाँ संबिधान बनाउने प्रक्रियामा चाहिं यो परियोजना संचालन भइसकेपछि केहि निर्ष्कषहरू निकाल्यो होला सवालहरू यस्तो हुनुपर्छ, मस्यौदामा यसरी समावेस हुनुपर्छ भनेर परियोजनाले गाबिस देखि जिल्ला हुँदै केन्द्रसम्म पनि गतिबिधि संचालन गरेको रहेछ, के त्यस्ता सवालहरू मस्यौदामा समावेस होला त ?

▪ हाम्रो परियोजनाले फोकस गरेका समुदायहरूबाट, गाउँतहबाट उहाँहरूका सवालहरूलाई ल्याउने क्रममा ढिलो भइसकेको थियो । मस्यौदा संबिधान चाँहि बिभिन्न समितिहरूले ल्याइसकेका थिए तथापि हामीले एउटा गाउँका

❝सीमान्तकृत भनेपछि त्यो समुह, समुदाय, त्यो बर्ग, जो चाहिँ वास्तवमा राज्यले प्रवाह गर्ने सेवा, सुबिधाको मूल प्रबाहबाट टाढा रहन्छ, सूचनाको पहुँचबाट टाढा रहन्छ र राज्य भन्दा बाहिर भएको अनुभुति गदर्छ । त्यसकारणले सीमान्तकृत अझ त्यसमा पनि महिला दिदीबहिनीहरू त्यो अत्यन्त सीमान्तकृत हुनुहुन्छ, राज्यले पछाडि पारेको छ, समुदायले पछाडि पारेको छ, घरले पछाडि पारेको छ, त्यस्ता दिदीबहिनीहरूलाई वास्तवमा हामीले त्यो कार्यक्रमबाट फोकस भाको छ ।❞

❝हाम्रो अथक प्रयासले एउटा गाउँमा रहेका सीमान्तकृत महिला दिदीबहिनीहरूले काठमाण्डौमा आएर मुलुकको उच्चतम् ओहदामा रहेका ब्यक्तिहरूलाई समेत आफ्नै उपस्थितिमा आफ्ना मागहरू प्रस्तुत गर्नु भएको छ । त्यो अवसर चाहिँ वास्तबमा यो परियोजनाले दिएको हो ।❞

CamScanner

सीमान्तकृत महिला दिदीबहिनीहरूले संविधानमा के कुरा लेख्नु पर्छ भन्ने बारेमा बिभिन्न सवालहरूमा उहाँहरूले छलफल गरेर ल्याएका कुराहरूलाई सम्मानीय राष्ट्रपति, सम्मानीय प्रधानमन्त्री, समक्ष समेत र संबिधान सभाका बिषयगत समितिका सभापति हरूलाई समेत ती कुराहरू हामीले पेश गरेका छौ । नेपालको नयाँ बन्ने संबिधानको प्रक्रिया अझै पूरा भएको छैन । एउटा ड्राफ्ट मात्रै हाम्रो हातमा आएको छ र जुन अन्तिम रुपमा चाहि नयाँ संबिधान बन्छ त्यो बेलामा आवश्य पनि सीमान्तकृत महिला दिदीबहिनीहरूले ल्याएका सवालहरूलाई संबिधानले समेट्ने छ भन्ने बिश्वास हामीले राखेका छौं ।

➢ बिभिन्न मस्यौदा समितिका सभापतिहरू, राष्टपति, प्रधानमन्त्री समक्ष पनि पेस गर्नु भएको रहेछ, उहाँहरूको प्रतिवद्धता कस्तो पाउनु भयो त ?

▪ सबैभन्दा महत्वपूर्ण उपलब्धि नै हामीले यसैलाई ठानेका छौ । दुई बर्षसम्मको हाम्रो अथक प्रयासले एउटा गाउँमा रहेका सीमान्तकृत महिला दिदीबहिनीहरूले काठमाण्डौमा आएर मुलुकको उच्चतम् ओहदामा रहेका ब्यक्तिहरूलाई समेत आफ्नै उपस्थितिमा आफ्ना मागहरू प्रस्तुत गर्नु भएको छ । त्यो अवसर चाहिं वास्तबमा यो परियोजनाले दिएको हो । त्यो आफैमा उपलब्धिमूलक छ । त्यो भन्दा पनि अझै अगाडि बढेर भन्दाखेरी उहाँहरूले जुन आफ्नो मागहरू प्रस्तुत गर्नुभयो, राष्ट्रपति, प्रधानमन्त्री र समितिका सभापतिहरू उति उत्साहित, प्रोत्साहित भएर उहाँहरूलाई प्रशंसा गर्नु भयो । उहाँहरूलाई उत्साहित बनाउनुभयो । तपाईहरूले ल्याएका सवालहरू अत्यन्त महत्वपूर्ण छन, कतिपय सवालहरू त मस्यौदा प्रतिवेदनमा पनि आएका छन् भने छुटेका कुराहरूलाई हामी अझै पनि अन्तिम रुप दिंदा समावेस गर्नेछौं र तपाईहरूका अधिकार, तपाईको हक, तपाइंले पाउनुपर्ने मानवअधिकार र मौलिक अधिकारका सवालहरूलाई उहाँहरूले वचनवद्धता दिनुभयो । त्यसले हामी लगायत सीमान्तकृत महिला प्रतिनिधिहरू पनि अत्यन्त खुशी, हर्षित र अत्यन्त उत्साहित भएर गाउँ फर्किनु भएको छ । त्यो उत्साहले उहाँहरू गाउँमा गएर पनि ती कुराहरूलाई अझै आफूभन्दा पनि तलका महिला दिदीबहिनीहरूसंग छलफल, अन्तरक्रिया गरिरहनु भएको छ ।

➢ यो परियोजना अन्तर्गत गाबिसहरूमा चहिँ गाउँस्तरीय लोकतान्त्रिक महिला मञ्च निर्माण गरिएका छन् र जिल्लाहरूमाचाहिँ जिल्लास्तरीय लोकातान्त्रिक महिला मञ्च गठन गरिएको छ । गाउँ र जिल्लाका चाहिं कामको तपाईले मूल्याङ्कन गर्नुपर्दाखेरी कस्तो पाउनुभएको छ ?

▪ हाँहरू संगठित भईसकेपछि परियोजनाले त उहाँहरूलाई कुनै स्रोत पनि दिन सकेको छैन, कुनै एउटा ज्युरोडिबसन पनि दिन सकेको छैन । उहाँहरूलाई खाली हामीले बिषयबस्तुको बारेमा जानकारी गराउने कोसिस गरेका छौं । ओरिन्टेसन तालिमहरू दिएर उहाँहरूलाई सुशासन बिकेन्द्रीकरण, राज्यका अधिकारहरू, जनताका मौलिक हकहरू जनताको लागि हामीले गर्नु पर्ने कर्तव्यहरू जस्ता बिषयमा हामीले उनीहरूलाई अभिमुखीकरण गराउन सकेपछि उहाँहरू अत्यन्त उत्साहित भएर गाउँमा भएका मसिना -मसिना कुराहरूमा समेत प्रत्यक्ष रुपमा संलग्न भएर समाज परिवर्तनमा उहाँहरूले आफ्नो योगदान गर्नु भएको छ । जस्तो महिलामाथि हुने हिंसाको कुरा, बालबालिकामाथि हुने हिंसाको कुरा समाजमा हुने बिकृतिका कुरा साँस्कृतिक बिकृति, आर्थिक बिकृतिका कुराहरूमा समेत उहाँहरूले नेतृत्वको भूमिका निर्वाह गर्न सक्ने हुनभएको छ । अब अहिले आएर नेपाल सरकारले गाउँमा कुन किसिमका बजेटहरू बिनियोजन गरेको छ ? लक्षित समूहलाई खासगरेर महिलाहरूको लागि, बालबालिकाहरूका लागि, दलित जनजातिहरूका लागि, पिछडिएका वर्गहरूका लागि कति बजेट गइरहेको छ, बजेटको बारेमा उहाँहरूले जानकारी लिने, गाउँबिकास समितिको सचिवहरूसँग, त्यहाँको सर्वदलीय संयन्त्रसँग जिल्लातहको हाम्रो चाहिं यो महिला संजालले जिल्लातहको राजनीति संयन्त्रहरूसँग बसेर अन्तरक्रियाहरू गरेर जानकारी लिने र योजना तर्जुमा प्रक्रियामा सहभागिता देखाएर महिला दिदीबहिनीको हक अधिकारका लागि कार्यक्रमहरू समय समयमा संचालन गर्न भएको छ । यो परियोजना संचालनलाई चाहिने

सहयोग जिबिसहरूले पनि दिइ राखेका छन् आगामी दिनमा परियोजना समाप्तिसंगै जिल्ला बिकास समितिहरूले लोकतान्त्रिक महिलामञ्चलाई सहयोग जारी राख्लान ?

▪ हामीलाई खुशी लाग्छ, यो एउटा राम्रो अभ्यास भएको छ, हामीले गठन गरेका गाबिस स्तरका महिला फोरम छन्, जिल्लास्तरका महिला फोरम छन् तिनलाई गाउँस्तरमा गाउँबिकास समितिको परिषद र जिल्लातहमा जिल्ला परिषदमा संस्थागत रुपमा आमन्त्रण गर्न सुरु भइसकेको छ । यसवाट के बुझिन्छ भने नेतृत्वलाई त्यहाँको राजनीतिक नेतृत्वले स्वीकार गरेको छ । त्यसकारण आगामी दिनहरूमा समेत यसको निरन्तरता रहनेछ । यदि हामीले परियोजनाको नामबाट कुनै किसमको सहयोग प्रदान गर्न नसके पनि, यो हाम्रो दायित्व हो भन्ने तहसम्म जिबिसहरू पुगेका छन् ।

> **"महिलाहरूको लागि, बालबालिकाहरूका लागि, दलित जनजातिहरूका लागि, पिछडिएका वर्गहरूका लागि कति बजेट गइरहेको छ, बजेटको बारेमा उहाँहरूले जानकारी लिने, गाउँबिकास समितिको सचिबहरूसँग, त्यहाँको सर्वदलीय संयन्त्रसँग जिल्लातहको हाम्रो चाहिँ यो महिला संजालले जिल्लातहको राजनीति संयन्त्रहरूसँग बसेर अन्तरक्रियाहरू गरेर जानकारी लिने र योजना तर्जुमा प्रक्रियामा सहभागिता देखाएर महिला दिदीबहिनीको हक अधिकारका लागि कार्यक्रमहरू समय समयमा संचालन गर्न भएको छ ।"**

## • गतिविधि

# संखुवासभामा जुटे लोकतान्त्रिक महिला

संयुक्त राष्ट्र संघीय लोकतन्त्र कोषको आर्थिक सहयोगमा सञ्चालित नेपालको राजनीतिमा सिमान्तकृत महिलाहरुको सहभागीता अभिवृद्धि परियोजनाको जिल्लास्तरीय समीक्षा बैठक गत भदौ ३० गते संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारीस्थित जिल्ला विकास समितिको सभाहलमा सम्पन्न भएको छ । संखुवासभा जिविस र जिल्ला लोकतान्त्रिक महिला मञ्च संखुवासभाले संयुक्त रुपमा आयोजना गरेको सो कार्यक्रममा परियोजनाको साझेदारी संस्थाहरु जिविस महासंघ नेपालको तर्फबाट वरिष्ठ कार्यक्रम अधिकृत नवराज कोइराला, विश्व परिदृश्य वकालत मञ्चका तर्फबाट बाघवीर मुखिया र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको तर्फबाट शान्ति लामाले प्रतिनिधित्व गर्नुभएको थियो । कार्यक्रममा जिल्लास्थित राजनीतिक दलहरु नेकपा एमालेबाट उमेशकुमार डाँगी, एनेकपा माओवादीबाट पुष्प कोइराला, राष्ट्रिय जनमुक्ति पार्टीबाट भरत राई लगायत अन्य प्रतिनिधिहरुको सहभागी रहेका थिए । सीता राई, मत्स्यपोखरी- कार्यक्रमको समयावधि छोटो नै भए पनि स्थानीय स्रोत र साधनको परिचालन एवम् महिलाहरुलाई राजनीतिमा जागरुक बनाउन सफल भयो । सीमान्तकृत महिलाहरुलाई संगठनमा आवद्ध गर्न सक्ने क्षमताको विकास भएको छ ।

**टिकादेवी पोखेल, स्याबुन**-घरेलु हिंसा भएका घरपरिवारमा घरेलु हिंसाको बारेमा जानकरी गराइयो । सामाजिक विभेदको बारेमा छलफल गराई महिलाहरुको क्षमता अभिवृद्धि, लोकतन्त्रको आधारभूत सिद्धान्त र महिलाहरुको

बाँकी पेज ११ मा

CS CamScanner

# राष्ट्रपति र प्रधानमन्त्री समक्ष आफ्नो आवाज पुऱ्याउन सक्ने हैसियत भएको छ

**"बाँके जिल्लाको कुरा गर्नुपर्दा कतिपय महिला मधेशी, मुश्लीम, दलित जुनचाहि जातीय छुवाछुतको समस्याबाट ग्रस्त थिए ।"**



*– कल्पना नेपाली, अध्यक्ष, बाँके लोकतान्त्रिक महिला मञ्चका*

➢ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना समग्रमा तपाईको जिल्ला बाँके कस्तो रह्यो ?

▪ हाम्रो जिल्लामा महिला सशक्तिकरण, जागरण र महिला हक अधिकारका लागि आवाज उठाउने, आफ्नो हक अधिकारका लागि विभिन्न संस्थासग समन्वय गरेर कार्यक्रम गर्ने हामीले विभिन्न क्षेत्रमा विषेश गरेर महिलाहरू त्यसमा पनि पिछिडिएका महिलाहरू माथि भएको हिंसा र समस्यहरूलाई नियाल्दै कार्यक्रम गोष्ठी, सेमिनार गर्दाचाहि यो कार्यक्रम अतिनै सफल भएको जस्तो मलाई लाग्छ ।

➢ परियोजनाले तपाईको जिल्ला बाँकेमा कस्तो खालको गतिविधि गऱ्यो ? जसले महिलामा सकरात्मक परिवर्तन ल्यायो ?

▪ यहाँका महिलाहरू आफ्नो परिवारमा आफैमाथि हिंसा हुँदा पनि आवाज उठाउन सक्नु हुन्थ्यो । बाँके जिल्लाको कुरा गर्नुपर्दा कतिपय महिला मधेशी, मुश्लीम, दलित जुनचाहि जातीय छुवाछुतको समस्याबाट ग्रस्त थिए । महिला हिंसा सम्बन्धी ज्ञान नै थिएन । महिलालाई विभिन्न पावन्दी लाउने, बोल्न नदिने, पोषणयुक्त खानेकुरा नदिने, उनीहरूका बालबालिकालाई सही शिक्षा नदिने र बिरामी हुँदा पनि कहाँ गएर उपचार गराउनुपर्छ, समस्या पर्दा कसले हेरिदिन्छ भन्ने जस्ता कुराको कहिलेपनि थाहा भएन । अहिले चाहि त्यसबाट मुक्त भएर आफ्नो लागि र विशेष गरेर सीमान्तकृत महिलाहरूको लागि आवाज उठाउन सक्ने, महिलाहरूको लागि कहाँ-कहाँ हक अधिकार मिल्छ, कुन संघसंस्थासँग समन्वय गऱ्यो भने सरकारसँग कसरी आफ्नो माग राख्न सक्यो भने महिला भएको हिसावले यसरी हेपिनुपर्दैन भन्ने बुझ्ने हुनुभएको छ । जस्तै: माननीय राष्ट्रपति, प्रधानमन्त्रीसँग पनि आफ्नो आवाज राख्न सफल हुनुभएका छ ।

➢ लोकतान्त्रिक महिला मञ्च बाँकेले महिलाहरूलाई राजनीतिमा सहभागि गराउन कति सफल भएको छ त ?

▪ परियोजनाको कार्यकालभित्र हेर्नु पर्दा खासै सफल भएको जस्तो लाग्दैन । मान्छेले आफ्नो जीवन नै राजनीति बिताएको हुन्छ । उनीहरूको तीनदशक, चारदशक राजनीतिमा वित्छ । हाम्रा भनेको यो दुई वर्षको परियोजना हो । हामीले चाहि यो महिला सशक्तिकरण, राजनीतिमा सहभागिता शुरु मात्र गरेका छौ । राजनीतिमा महिला सहभागी हुनुपर्छ जसले गर्दा पछि गएर राज्य संचालन गर्नु परे पनि तयार हुन मद्दत गर्छ । जुन पनि काम गर्दा पार्टीतिर नभएपछि महिलालाई आफ्नो हक अधिकार बारे बोल्न अप्ठ्यारो हुन्छ त्यसका ज्ञान दियौं र समाधानको उपाय पनि दियौं ।

**"सीमान्तकृत महिलाहरूलाई के आवश्यकता छ, महिला हिंसा, मधेसी महिलाका मुद्दा, कतिलाई चाहि बलात्कार केशहरूपनि भयो त्यस्तालाई हामीले सम्वन्धित निकाय जि.प्र.कामा लगेर मिलाएका छौं भने कतिलाई यो विशेष गरी यो महिलामाथि हुने हिंसा,तुच्छ व्यवहार, महिलालाई लगाउने आरोप आदि सम्वन्धि आवाज उठाएका छौ । त्यसमा चाहि हामी सोचे जति सफल भएका छौं ।"**

➢ लोकतान्त्रिक महिला मञ्च बाँके अन्य क्षेत्रका महिलाहरूसँग कसरी सहकार्य गरेर अगाडि बढ्दैछ ?

▪ अहिले त हामी विशेष गरेर सीमाकन्तकृत महिलाहरूसँग नै काम गरिरहेका छौं, बाँकेका पाँचवटा गाविसहरूमा । ती गाविसहरूमा विशेष गरेर महिला विकास, महिला संजालहरूसँग हाम्रो समस्याहरूलाई गाँसेर समन्वय गरेर काम गरिरहेका छौ ।

➢ तपाईहरू सीमान्तकृत महिलाहरूसँग काम गरिराख्नुभएको छ, के सीमान्तकृत महिलाहरूका समस्या बुझेर समाधानको उपायहरू खोज्नु भएको छ ?

▪ त्यसो त हामीले धेरै काम गरिरहेका छौं । हाम्रो एउटा जिल्ला स्तरीय लोकतान्त्रिक महिला मञ्च हुन्छ भने उसैको अर्को पाटो गाविस स्तरीय मञ्च पनि हुन्छ । सीमान्तकृत महिलाहरूलाई के आवश्यकता छ, महिला हिंसा, मधेसी महिलाका मुद्दा, कतिलाई चाहि बलात्कार केशहरूपनि भयो त्यस्तालाई हामीले सम्वन्धित निकाय जि.प्र.कामा लगेर मिलाएका छौं भने कतिलाई यो विशेष गरी यो महिलामाथि हुने हिंसा,तुच्छ व्यवहार, महिलालाई लगाउने आरोप आदि सम्वन्धि आवाज उठाएका छौ । त्यसमा चाहि हामी सोचे जति सफल भएका छौं ।

➢ परियोजना संचालनपछि स्थानीय तहका महिलाहरमा कस्तो परिवर्तन भएको पाउनु भयो त ?

▪ धेरै परिवर्तन भएको छ । पहिले पशु समान जीवन बाँच्न बाध्य भएका र त्यसैलाई आफ्नो नियति ठान्नेका आँखा खुलेका छन् । मान्छे चिन्ने, आफ्नो समस्या थाहा पाउने र समाधान गर्न कहाँ जानु पर्छ, कसलाई भन्नुपर्छ भन्ने थाहा पाएका छन् महिलाहरूले ।

➢ यो मञ्चमा लागेपछि आफैमा परिवर्तन पाउनुभयो ?

▪ म चाहि दलितकी छोरी भएको हिसाबले गर्दा प्राय जसोले चाहि मलाई हौसला दिनुहुन्छ । यस्तो गर्नुपर्छ, एउटा दलित भएको हिसाबले अगाडि बढ्नुपर्छ भनेर चाहि मलाई प्राय सबैले सकरात्मक रुपले राम्रा कामका लागि सहभागिता गराउने हिसाबले सहयोग गर्नु भएको छ । लोकतान्त्रिक महिला मञ्चकै हिसावले पनि मलाई धेरै संघ संस्था, सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले पनि धेरै सहभागी गराउने, लोकतान्त्रिक महिला मञ्चका भएका समस्यहरू के छ यसलाई कसरी लिनुपर्छ सहकार्य गरौ भन्ने विभिन्न संघ संस्था तथा समुदायका मानिसहरूले पनि मलाई सहयोग गरिररहनु भएको छ । यस संस्थाले मेरो जीवनमा ठूलो परिवर्तन ल्याइदिएको छ ।

➢ परियोजना त लगभग सकिइसक्यो जिल्ला र स्थानीय तहमा स्थापना भएको लोकतान्त्रिक महिला मञ्चलाई कसरी अगाडि लाने योजना छ तपाईहरूसँग ?

▪ हामीले चाहि यसमा गृहकार्य गर्दैछौ । कुनैपनि परियोजना निश्चितअवधिका लागि आउँछ, त्यसपछि त्यो जान्छ । त्यसैले जिल्ला लोकतान्त्रिक महिला मञ्चलाई अब परियोजनाको सहयोगमा होइन आफ्नै बलबुतामा चलाउनु पर्ने भएको छ । यसलाई एउटा एनजिओको रुपमा दर्ता गराएर गाविसहरू र जिविसको सहयोगमा सञ्चालन गर्ने सोचाइ बनाएका छौ ।

CamScanner

# लमजुङमा समीक्षा बैठक

संयुक्त राष्ट्रसंघीय लोकतन्त्र कोषको आर्थिक सहयोगमा सञ्चालित नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरुको सहभागिता अभिवृद्धि परियोजनाको जिल्लास्तरीय समीक्षा बैठक यहि भदौ २१ गते लमजुङ जिल्लाको सदरमुकाम बेंसीशहरस्थित जिल्ला विकास समितिको सभाहलमा सम्पन्न भयो । लमजुङ जिविस र जिल्ला लोकतान्त्रिक महिला मञ्च लमजुङले संयुक्त रुपमा आयोजना गरेको उक्त कार्यक्रममा परियोजनाका साझेदारी संस्थाहरु जिविस महासंघ नेपालको तर्फबाट प्रवक्ता कृष्ण प्रसाद जैशी, विश्व परिदृश्य वकालत मञ्चका तर्फबाट बाघवीर मुखिया र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको तर्फबाट शान्ति लामाले प्रतिनिधित्व गर्नुभएको थियो । कार्यक्रममा जिल्लास्थित राजनीतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको प्रतिनिधिहरुको समेत सहभागीता थियो ।

**कस्तो अनुभव गरे, गाउँका अध्यक्षहरुले ?**

**लोका अधिकारी, अध्यक्ष, नौथर** - जिल्लास्थित परियोजना सहजकर्ताले २०६७ जेठ १८ गते राजीनामा दिएपछि गाविसस्तरीय कार्यक्रम गर्न पनि गाह्रो भएको थियो । तर, समस्याको बाबजुद हामीले सिक्दै गर्दा परियोजनाको समय अवधि समाप्त हुने भएकोले थप कार्यक्रमको आवश्यकता महशुस भएको विचार व्यक्त गर्नु भएको थियो ।

**सुस्मा विक, अध्यक्ष, श्रीमञ्ज्याङ** - ले राजनीतिक रुपमा केही बोल्न सक्ने भएको गाविस र जिविसमा दलित वर्गको हक-अधिकारको बारेमा अझै केही जानकारी गराउने परियोजनाले सीमान्तकृत महिला दिदीवहिनीहरुलाई राजनीतिको बारेमा बुझाउन बाँकी रहेको अवस्थामा परियोजनाको निरन्तरता आवश्यक छ ।

**कमला अछामी, अध्यक्ष, धुसेनी लमजुङ** - जसरी बच्चालाई पूर्णरुपमा हिडाउनको लागि सबल अभिभावकको आवश्यकता पर्दछ त्यसरी नै यो परियोजनालाई अगाडि बढाउन जिम्मेवारी वहन गर्न सक्ने खालको दातृ निकायको आवश्यकता छ । यहाँसम्म आउँदा हामी समाजमा भएका विकृति र विसंगतिलाई केही मात्रमा भए पनि हटाउन सफल भएका छौं जस्तो लाग्छ ।

**गीता राना मगर, अध्यक्ष, भन्सार लमजुङ**- यो गाविसमा विशेषगरी गुरुङ समुदायका बसोबास रहेकोले यो परियोजनाले विशेष गरी गुरुङ समुदायको महिला दिदीबहिनीहरुलाई राजनीतिमा अग्रसर गराएको छ । जसले गर्दा परियोजनाको निरन्तरता हुन जरुरी छ ।

**मीरा कावर, अध्यक्ष, नेटा** - यो परियोजनाले सीमान्तकृत महिलाहरुलाई राजनीतिमा सक्रिय गराउन धेरै योगदान पुऱ्याएको छ । कार्यक्रम अवधिमा गाविस/जिविसमा हरेक छलफल, गोष्ठी लगायत अन्य कार्यक्रममा सहभागी भएका र भावी दिनहरुमा यस्तै कार्यक्रममा सक्रिया गराउन परियोजनाको समय थप हुनुपर्छ ।

**विष्णु विक जिल्ला लोकतान्त्रिक महिला मञ्च, लमजुङ** - आफ्नै घर, छरछिमेकमा केही बोल्न नसक्ने महिलाहरु आज आएर संगठनमा बस्ने र संगठन विस्तारको काम गर्ने भएका छन् । तिनको सक्रियतामा पनि राजनीति लगायत अन्य क्षेत्रमा सहभागिता बढाउन सफल भएको छ । समाजमा विद्यमान कुसंस्कार र कुरीतिविरुद्ध थप नीति नियम निर्माण गरी केही मात्रमा भएपनि लागू गर्न सफल भएको छ ।

**सोभिता पन्त निमित्त महिला विकास कार्यालय, लमजुङ** - महिला र पुरुषबीच असमान नीति नियमले गर्दा महिला विकासमा शुरुमा समानताको आवश्यकता छ । समानताको लागि समता चाहिन्छ । समता भएको खण्डमा महिलालाई अवसर प्रदान गरी क्षमता वृद्धि गर्न सकिन्छ । महिलाहरु जन्मेदेखि नै हिंसाबाट पीडित छन् । विद्यालयमा छोराछोरीको बीचमा समानता छैन । मानिसको विचार र व्यवहारमा जबसम्म परिवर्तन हुँदैन तबसम्म यस्ता समस्याहरु यथावत रहिरहन्छ ।

**नलु गुरुङ अध्यक्ष, जिल्ला लोकतान्त्रिक महिला मञ्च, लमजुङ** - जुन उद्देश्य र सपना लिएर लोकतान्त्रिक महिला मञ्चको स्थापना भएको थियो, आजको दिनसम्म एकदमै राम्रो भएको जस्तो मलाई लाग्दछ । आफ्नो परिचय दिन नसक्ने ग्रामीण महिला दिदीवहिनीहरु आज आएर जिल्ला र केन्द्रीय स्तरमा समेत केही कुरा राख्न सक्ने भएका छन् । यसलाई गौरवको कुरा ठान्दछु म । केही कठिनाइका बाबजुद परियोजना सफल भएको महशुस गरेकी छु । चेतनाको अभाव, आर्थिक अभाव र समाजमा भएका विभिन्न प्रकारका कुरीति, कुसंस्कारले गर्दा पनि महिला दिदीवहिनीहरु अगाडि बढ्न नसकेको अवस्थामा यो परियोजनाको महत्व अझै हुँदाहुँदै पनि समय सीमा सकिँदै आएको अवस्थामा अब हामीले यो मञ्चलाई अगाडि बढाउनुपर्ने अवस्था छ । जिल्लाका राजनीतिक दल, जिविस र गाविसमा केही सहयोग माग गरी परियोजनाले देखाएको बाटोलाई निरन्तरता दिनु आवश्यक छ । जसमा हामी महिलाहरु बीचको एकता, आर्थिक समन्वय र कायम राख्दै यसको निरन्तरता जरुरी छ । सकारात्मक सोँचका साथ मञ्चलाई अगाडि बढाउने दृढ संकल्प लिएको छु ।

# कञ्चनपुरमा समीक्षा

राजनीतिमा सीमान्तकृत महिलाहरुको सहभागिता परियोजनाको जिल्लास्तरीय समीक्षा बैठक गएको भदौ ३० गते सम्पन्न भयो । कार्यक्रममा समीक्षा बैठकको बारेमा जानकारी गराउनु हुँदै महासंघका महासचिव एवं कार्यक्रमका विशिष्ट अतिथि हेमराज लामिछानेले जिल्ला लोकतान्त्रिक महिला मन्चका दिदीवहिनीहरु स्थानीय निर्वाचन, स्थानीय राजनीतिक संघ संगठनहरुमा भागलिन सक्षम भइसक्नु भएकोमा आफू विश्वस्त रहेको भनाइ राख्नु भयो । कार्यक्रममा गाविस स्तरीय लोकतान्त्रिक महिला मन्चले गठन पश्चात हालसम्म गरेका गतिविधिहरुको बारेमा भूवन कुँवरले जानकारी दिनुभएको थियो भने मन्चका जिल्ला सदस्य काली चौधरीले शुरुमा अरुको अगाडि बोल्न नसक्ने महिलाहरु परियोजनाकै कारण आफ्नो समस्या खुलेरै राख्न सक्ने भएको वताउनुहुँदै परियोजना संचालन भएपछि शंकरपुर गाविसबाट बजेट निकासा निकासा गराइ महिलाहरुलाई सीपमुलक तालिम जस्तै मैनबत्ति तालिम लगायतका काम गराएको र गाउँघरमा भएको झैझगडा समेत मिलाउने काम मन्चले गर्दै आएको पनि जानकारी गराउनु भयो । त्यस्तै लोकतान्त्रिक महिला मञ्च पिपलाडीका सरिता चौधरीले कन्चनपुर जिल्लामा पनि त्यस गाविस द्वन्दबाट प्रभावित भएको र दलित समुदायप्रति छोइछिटोको अवस्था रहेकोमा त्यसको विरुद्ध मञ्चले विभिन्न पहल गरिरहेको बताउनुहुँदै बाढीपिडितहरुलाई खाद्यन्न सहयोग समेत गरेको जानकारी दिनुभयो । त्यति मात्र नभएर त्यस गाविसमा छौपडीप्रथा हालसम्म पनि कायमै रहेकाले त्यस विरुद्ध पनि विभिन्न गतिविधिहरु संचालन गरिहरेको बताउनु भयो । त्यसैगरी उक्त कार्यक्रममा लोकतान्त्रिक महिला मञ्च देखतभुली गाविसका अध्यक्ष राधा रानाले मञ्चमा आवद्ध भएपछि दुइतीन महिनासम्म अरुसँग परिचय दिन समेत नसकेकोमा अहिले आएर जहाँ गएर पनि निर्धक्क बोल्न सक्ने भएको बताउनु भयो । मञ्च मार्फत जन्मदर्ता, विवाह दर्ता, नागरिकताको महत्वको विषयमा जनचेतना फैलाउनुका साथै अन्य चेतनामूलक गतिविधिहरु समेत गरिरहेको पनि बताउनु भयो ।

कार्यक्रममा लोकतान्त्रिक महिला मञ्च रामपुर विलासपुरका अध्यक्ष मंगला विकले मञ्चमा सहभागि भएकै कारणले पनि आफू विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष बन्न सजिलो भएको बताउनुभयो । साथै आफू अध्यक्ष भएपछि गरिव तथा जेहेन्दार विद्यार्थीलाई निशुल्क भर्ना गरेको र चन्दा संकलन गरी स्वास्थ्यसेवा समेत प्रदान गरिरहेको बताउनु भयो । कन्चनपुर जिल्ला विकास समितिको हलमा आयोजित समीक्षा बैठकको प्रमुख अतिथि जिल्ला विकास समिति महासंघका अध्यक्ष श्रृषिराज लुम्साली हुनुहुन्थ्यो भने कार्यक्रममा जिल्ला प्राविधिक कार्यालयका निमित्त इन्जिनियर चन्द्रबहादुर कडायल, एकिकृत नेकपा (माओवादी) का हिरा जोशी, नेकपा (एमाले) का लक्ष्मी विक, नेपाली कांग्रेसका माया भट्ट, जिल्ला स्रोत व्यक्ति प्रेम बोकटी लगायले बोल्नु भएको थियो । जिल्ला लोकतान्त्रिक महिला मञ्चका सदस्य कलावती रानाले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रममा परियोजना संचालित गाविसका सचिवहरुका साथै अन्य विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो ।

# हामी आफ्नै हिसाबले सञ्चालन गर्न सक्ने छौं

➢ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना समग्रमा तपाइको जिल्ला लमजुङमा कस्तो रह्यो ?

▪ यो परियोजनाले एकदमै सकरात्मक भूमिका खेलेको छ । आफ्नो नाम पनि भन्न नसक्ने एकदमै पिछडिएको समाजमा पछि परेका दिदीवहिनीहरूमा समेत राजनैतिक चेतना आएको छ । उहांहरूले परिवारिक र सामाजिक वन्देज नागेर संघर्ष अनि परिवारको संधर्ष गर्दै गाविसामा जम्मा भइ आफ्नो दिदीबहिनीसंग नहिच्किच्याइ आफ्ना अनुभवहरूलाई साटसाट गर्दै, दुःखसुख साटसाट गर्ने र गाउँका दिदीबहिनीहरूले जिल्लासम्म गएर आफ्नो कुराहरू राख्न सक्ने र आफ्ना कुराहरूलाई लिएर कसरी अगाडि बढ्न सकिन्छ, कसरी आफ्नो अधिकार सुनिश्चित गर्न सकिन्छ, राजनीतिमा हाम्रो भूमिका के हुनुपर्छ भन्ने कुरा बुझ्नुभएको छ । यो परियोजनाले हामीहरूमा धेरै चेतना ल्याएको जस्तो लाग्छ ।

**जुन दिदीवहिनीहरू घरको चौघेरोमा सीमित हुनुहुन्थ्यो । उहाँहरूमा राजनीतिक चेतना आउनु सानो कुरा होइन । भिर-पाखा घाँसदाउरालाई आफ्नो जीन्दगी, आफ्नो संसार बनाएर बसिरहनु भएको थियो । दिदीवहिनीहरू मञ्च गठन भएपछि हामी सधैं गाबिसमा बजेट कति आउँछ, हाम्रो लागि त्यो बजेटले के गर्ने हो ? हामी बिद्यालय व्यवस्थापन समिति भयो, वन उपभोक्ता समितिहरूमा महिला दिदीवहिनीहरूले सक्रिय सहभागिता जनाउन थाल्नु भएको छ । जस्तो हाम्रो जिल्लामा, गाविसमा त अहिले राजनीतिक दलमा समावेस गरिएको छ, गाविसमा हाम्रा दिदीबहिनी बिद्यालय व्यवस्थापन समितिका सदस्य समेत रहेका छन् ।**

➢ परियोजनाले तपाईको जिल्लामा कस्तो खालको गतिविधि गर्‍यो जसले महिलामा सकरात्मक परिवर्तन ल्याउन सफल भयो ?

▪ गाविस स्तरमा संचालित मानवअधिकार सम्वन्धि तालिममा महिलाको अधिकार के हो, महिलाको अधिकार भित्र के पर्छ, यो अधिकार पाउनलाई कहाँ चेतना दिदीवहिनीहरूमा ल्यायो । मानवअधिकार तालिम ३ दिनको मात्र थियो । त्यसलाई अझ वढाएर ८-१० दिने कार्यक्रम दिनुभएको भए हुने थियो । हामीहरूलाई दैनिक बैठक भत्ता होइन कि चेतना वढ्ने थियो । हामीलाई चेतना दिने समय वढाएको भए राम्रो हुने थियो भन्ने कुरा गाविस स्तरीय दिदीबहिनीहरूले गर्नुभएको थियो ।

**घर भित्रै सीमित हुने हो कि, बाहिरी राजनीतिका पनि चासो राख्ने हो जस्ता कुराहरूको ज्ञान र अनुभव अन्य दिदीवहिनीहरूसँग साटसाट गर्दै अगाडि बढिरहेका छौं ।**



*- नलु कुमारी गुरुङ, अध्यक्ष, लमजुङ लोकतान्त्रिक महिला मञ्चका*

➢ लोकतान्त्रिक महिला मञ्च लमजुङले अन्य महिलाहरूसंग कसरी सहकार्य गरेर अगाडि बढिरहेको छ ?

▪ यो लोकतान्त्रिक महिला मञ्चले अरु दिदीवहिनीहरूलाई पनि हाम्रो अधिकार यो हो, हाम्रो अधिकार सुनिश्चित गर्नको लागि हामीले राजनीतिमा लाग्नु पर्छ, अधिकार भनेको के हो, यो घर भित्रै सीमित हुने हो कि, बाहिरी राजनीतिका पनि चासो राख्ने हो जस्ता कुराहरूको ज्ञान र अनुभव अन्य दिदीवहिनीहरूसँग साटसाट गर्दै अगाडि बढिरहेका छौं । साथै हामीले आउँनुहोस तपाईहरू पनि हामीसँगै काम गरौं भन्दाखेरी राजनीतिक पार्टीका मातृसंगठनका दिदीबहिनी, महिला विकासका दिदीबहिनीहरूले न्याय र हक-अधिकार प्राप्तिको सवालमा अगाडि बढ्नु पर्छ महशुस गरी सहकार्य गर्दै आएका छौं ।

➢ तपाई लोकतान्त्रिक महिला मञ्चमा लागेपछि जनजाति महिला तथा सीमान्तकृत महिलाहरूवाट कस्तो सहयोग पाउनुभएको छ ?

▪ महिला मञ्चमा लागेपछि सीमान्तकृत दिदीवहिनीहरूले धेरै सहयोग गर्नुभएको छ । म गाविसको सचिव पनि भएको कारण मैले काम गर्दा खेरी गाविसका दिदीबहिनीहरूले धेरै सहयोग गर्नुहुन्छ । आज यस्तो गरौं भोलि उस्तो गरौ भन्दा साथ पाइन्छ । जुन महिला विरोधी घटनाहरू हुन्छन् त्यस्ता घट्नाको विरोधमा सहयोग गर्न तयार छौं भन्नुहुन्छ । दिदीवहिनीहरूले मञ्च भन्दा वाहिराका राजनीतिक पार्टीका भातृ संगठन, महिला संगठन भन्दा वाहिराका जुन व्यापार व्यवसायमा लागेका दिदीवहिनीहरूले पनि राम्रो काम गर्नु भएको छ ।

➢ लोकतान्त्रिक महिला मञ्च लमजुङमञ्चले सीमान्तकृत महिलाहरूलाई राजनीतिमा सहभागी हुन कसरी पहल गर्दैछ ?

▪ घरघर, टोलटोलबाट सक्रियताको लागि पहल भएको छ । यो मञ्च गठन हुनुभन्दा पहिला घरबाट निस्केर दिदीवहिनीहरू मनका कुराहरू खोल्न नसक्ने, आफ्नो परिचय पनि दिन नसक्ने दिदीवहिनीहरू पनि हुनुहुन्थो । अहिले चाहिँ उनीहरू राजनीतिमा लाग्नु गर्छ, राजनीति भनेको यस्तो कुरा रहेछ, सबै ठाउँमा हाम्रो अधिकार पनि हुनु पर्ने रहेछ । हामी यो कुरा नबुझेर पछाडि परेका रहेछौं भन्ने कुरा दिदीवहिनीहरूले बुझ्नु भएको । त्यसैले हाम्रो पहलकदमी सफल भएको छ ।

➢ परियोजना संचालनपछि स्थानीय तहमा महिलाहरूमा कस्तो परिवर्तन भएको पाउनु भयो त ?

▪ परिवर्तन भएको छ । जुन दिदीवहिनीहरू घरको चौघेरोमा सीमित हुनुहुन्थ्यो । उहाँहरूमा राजनीतिक चेतना आउनु सानो कुरा होइन । भिर-पाखा घाँसदाउरालाई आफ्नो जीन्दगी, आफ्नो संसार बनाएर वसिरहनु भएको थियो । दिदीवहिनीहरू मञ्च गठन भएपछि हामी सधैं गाबिसमा बजेट कति आउँछ, हाम्रो लागि त्यो बजेटले के गर्ने हो ? हामी बिद्यालय व्यवस्थापन समिति भयो, वन उपभोक्ता समितिहरूमा महिला दिदीवहिनीहरूले सक्रिय सहभागिता जनाउन थाल्नु भएको छ । जस्तो हाम्रो जिल्लामा, गाविसमा त अहिले राजनीतिक दलमा समावेस गरिएको छ, गाविसमा हाम्रा दिदीवहिनी

बाँकी पेज ८ मा

CS CamScanner

## गजल

*राधिका विक*

महिला मञ्चमा बस्छु बाबा बार नलाउनु है
विन्ति गर्छु अधिकारमा धारा नलाउनु है

सचेत बन्छु बनाउँछु बद्लियो जामना
बुझिदिने कोशिस गर्नुहोस् हाम्रो नि भावना

बिताउँदिन चुलो चौका आफैं मिलाउँछु
अवसर मात्र दिनुहोस् मलाई गाउँ सचेत बनाउँछु

आफू जल्दै उजिल्याउँछु दुनियाँ बनी सानो बत्ती
मौका र अवसर मात्र दिन गर्छौ कन्जुस कति

महिला अघि बढाउने सबको सरोकार
तयार बन्छौं लिन हामी हाम्रो अधिकार

महिला मञ्चमा बस्छु आमा बार नलाउनु है
विन्ति गर्छु अधिकारमा धारा नलाउनु है

सदस्य जिल्ला लोकतान्त्रिक महिला मञ्च, लमजुङ

## बाल विवाह रोकौं

*नलुकुमारी गुरुङ*

वाल विवाह रोकौं
विहेवारी २० वर्ष पारी है यो सबैले सोचौं
बाल विवाहलाई गरौ सबैले तिरस्कार
सबै मिली खोजौं है अधिकार
बाल विवाह रोकौ बिहेवारी २० वर्ष पारी है यो सबैले सोचौं
यो सबैले सोचौं
काखमा खेल्ने अबोला नानीलाई
पठाउने रे पराइको अघिलाई कति ठूलो कर्म
के हेरेर बस्ने हो त्यो पराइको घरमा
चन्द्रमा छुने उद्देश्य लिदा
कति रोलान डोलीमा अन्मिदा
वित्यो सारा जुनी
यो आभागी पुर्पुरो समाउदै सधैं कति रुनी
पुछियोँनि कतिको सिन्दुर
कति पुरुष उमेरमै विदुर
गुम्यो सारा जुनी
आधा शरीर टुक्रै गैगयो कठै  कति रुनि
कलिलैमा बिहे गर्दा अवश्य
भोग्नै पर्ने विविध समस्या
अब सबले सोचौं
वाल विवाह नगरौ भनेर सबले सही छाप ठोकौं ॥

अध्यक्ष, लोकतान्त्रिक महिला मञ्च, लमजुङ ।

## समानताका लागि जुटौं

*शिला श्रेष्ठ*

उठौं जुटौं महिलाहरू अधिकार खोज्नलाई
डोको नाम्लो छाडी कलम रोज्नलाई - २

जहिले पनि महिलाहरूको डोको नाम्लो साथमा
कपी कलम बोकी हिडछन पुरुष हातमा - २

बाच्नुपर्ने महिलाहरू अधिकारको अभावमा
बस्नुपर्ने पुरुषको जहिल्यै दवावमा - २

दाजुभाइ स्कुल जान्छन दिदीवहिनी मेलमा
वाच्नु पर्ने महिलाहरू सबको हेलामा - २

महिलाहरूको व्यथा सुन्दा कहानी नै लाग्दछ
विचरीको कहानी बुझ्दा आँसु बग्दछ ।

बस्छन् पुरुष वा आमाको काखमा
महिलाचाहि रुदै हिडछन मेलपातमा

महिला-पुरुष के भिन्नता काटे रगत एउटै छ
पुरुष भन्दा महिला माथि धेरै हिंसा छ

पुरुष हजुर हाम्रो विन्ति हाम्लाई न्याय दिनुहोस
हाम्रो पनि मर्म बुझि साथमा लिनुहोस

गर्नु पर्छ सबले अब अन्यायको प्रतिकार
दिदी वहिनी खोजौं अब महिला अधिकार

अधिकार दिए हाम्लाई देशको विकास गर्ने छौं
अज्ञान हटाइ ज्ञानको ज्योति हाम्ले छर्नेछौं

महिलाहरूले चुलाचौका छाड्नु पर्छ भन्नेछौं
अधिकार दिए हाम्लाई मन्त्री वन्नेछौं ।

पुरुष मात्र हुन्न सधैं देशको सेवा गर्नलाई
महिला पनि तयार हुन्छन सहिद बन्नलाई

पुरुष महिला दुवैलाई बराबरै लिनुहोस
नियम निसाप अधिकार समान दिनुहोस

भेटभयौ आज हामी हरेलोको भेलामा
सबलाई बाई बाई छ है हाम्रो छुटने बेलामा - २

अध्यक्ष, जिल्ला लोकतान्त्रिक महिला मञ्च, संखुवासभा

---

विद्यालय व्यवस्थापन समितिका सदस्य समेत रहेका छन् ।

➢ परियोजना त लगभग सकिसक्यो जिल्ला र स्थानीय तहमा स्थापना भएको लोकतान्त्रिक महिला मञ्चलाई कसरी अगाडी लाने योजना छ तपाईहरूसँग ?

अब  यो परियोजना सकिएको छ, गाविस स्तरमा त हामी सजिलैसंग संचालन गर्न सक्छौं । जसको लागि हामीलाई आर्थिक समस्या पनि हुँदैन । गाविसका ९ वडाको दिदीवहिनीहरू जम्मा हुनाले आर्थिक समस्या हुँदैन । जिल्ला स्तरमा हामीलाई अलिकति समस्या छ । त्यो भुगोलको हिसावले टाडाटाढा छ, त्यही भएर हामीलाई, हाम्रा दिदीबहिनीहरूलाई जिल्ला स्तरमा थोरै समस्या देखिएको भए पनि त्यस्ता समस्यालाई एक ठाउँमा थाति राख्दै ती समस्याहरूसँग जुदै आगामी दिनहरूमा यो मञ्चलाई बैधानिकता दिनका लागि सरकारी स्तरमा दर्ता गरेर, हामी त्यसबारे छलफल गरेर अगाडी बढ्ने छौं ।

CamScanner

# हामीले अपेक्षित सफलता हाशिल गरेका छौं

**महिला नेतृत्व कार्यक्रम भनेर, महिला हिंसा विरुद्ध जागरणको कार्यक्रम गरिरहेको छ**



*- शिला श्रेष्ठ, अध्यक्ष, संङ्खुवसवा लोकतान्त्रिक महिला मञ्च*

➢ सङ्खुवासभामा राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना तपाइको जिल्ला कस्तो रह्यो ?

■ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता कार्यक्रम सफल भएकै मान्नुपर्छ। यो परियोजना संचालन भए देखिको मूल्याङ्कन गर्दा सहभागितामुलक भएको महसुस छ। छोटो समय भए पनि महिलाहरूमा यो लोकतान्त्रिक महिला मञ्च आवश्यक छ र यसले सीमान्तकृत महिलाहरूलाई अगाडि बढाउने प्रक्रियामा सहयोग गर्छ।

➢ परियोजनाले तपाईको जिल्लामा कस्तो खालको गतिविधि गर्‍यो ? जसले महिलामा सकरात्मक परिवर्तन ल्याउन सफल भयो ?

■ यो परियोजनाले सङ्खुवासभा जिल्लामा विभिन्न किसमका कार्यक्रम सम्पन्न गरेको छ। महिला नेतृत्व कार्यक्रम भनेर, महिला हिंसा विरुद्ध जागरणको कार्यक्रम गरिरहेको छ, नेतृत्व विकास, महिला हिंसा विरुद्धको अभियान, विभिन्न उत्सवहरूमा अस्पतालका विरामीहरूलाई सहयोग, विभिन्न क्षत्रका महिलालाई लिएर हामीले मञ्चबाट हरेक संस्थाहरूसंग समन्वय गरेर सहयोगका कार्यक्रम संचालन गर्दै आएका छौ। गाविसदेखि जिल्लासम्म यसको मुल्याङ्कन गर्दा खेरी निरास हुनु पर्ने कारण देखिदन। अन्तर्रक्रिया कार्यक्रम, सेमिनार, गोष्ठिहरू र त्यसमा सीमान्तकृत महिलाहरूलाई सहभागी गराएर उहाँहरूबाट आएका आवाजहरूलाई एकै ठाउँमा राखेर सम्बन्धित क्षेत्रमा पुर्‍याउने काम गर्दै आएका छौ। त्यस्तै सङ्खुवासभा जिल्लमा हुनेगरेका महिला हिंसाहरू बारे पनि आवाज उठाउँदै आईरहेका छौ। हामीले घरेलु हिंसाका बारेमा महिलाहरूमा जनचेतना जगाएर सचेत पारेका छौं।

➢ लोकतान्त्रिक महिला मञ्च संङ्खुवासभाले महिलाहरूसंग कसरी सहकार्य गरेर अगाडि बढिरहेको छ ?

■ लोकतान्त्रिक महिला मञ्च संङ्खुवासभाले महिलाका क्षेत्रमा काम गरिरहेका संघ, संस्थाहरूसंग समन्वय गरेर, मिटिङ गरेर, छलफल गरेर कसले कुन कार्यक्रम कुनकुन समयमा गर्ने भनेर छलफल गरेर, सहकार्य गरेर काम गर्दै अगाडि बढएको छ। हामीले विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूसग समन्वय गरेर नै सयौ नारी दिवस, तिजको अवसरमा महिला जागरण कार्यक्रम र विभिन्न विषयमा तालिमहरू पनि सचालन गरेका थियौ। लोकतान्त्रिक महिला मञ्च सङ्खुवासभा सीमान्तकृत महिलाहरूलाई राजनीतिमा सहभागी गराउन कति सफल भएको छ ?

■ यसमा भन्नु पर्दा खेरी कार्यक्रमको उद्देश्य अनुसार केहि मात्रामा भए पनि सफल भएको मान्न सकिन्छ। सीमान्तकृत महिलाहरूलाई राजनीतिमा सहभागिता गराउने उद्देश्य अनुरुप सत प्रतिशत सफल नभए पनि हामीले यसबारेमा पहल गरिरहेका छौ र हामी यसमा सफलता पाउने कुरामा विश्वस्त पनि छौ।

➢ परियोजना संचालनपछि स्थानीय तहका महिलाहरमा कस्तो परिवर्तन भएको पाउनु भयो त ?

■ परियोजना संचालनपछि स्थानीय तहका महिलाहरूमा छोटै समयमा सकारात्मक परिवर्तन आएको छ। जो महिलाहरू पहिले घरबाट निस्कन पनि लजाउनुहुन्थ्यो, समाजमा गएर बोल्न डराउन हुन्थ्यो, तर अहिले घरबाट निस्केर समाजमा हुने गरेका विभिन्न क्रियाकलापमा सहभागि हुने गर्नु भएको छ। यहाँका महिलाहरूले चुलो, चौकाहरूलाई समेत बन्चित नगरेर, घरको कामलाई पनि निरन्तरता दिदै लोकतान्त्रिक महिला मञ्चले गर्ने बभिन्न क्रियाकलापमा समेत सहभागि हुने गरेका छन। उहाँहरू लेख्न नजाने पनि अरुले बोलेको सुनेर व्यवहारमा उतार्न सक्ने हुनु भएको छ। साथै समाजमा बोल्न, नमस्कार गर्न लजाउने दिदीबहिनीहरू अहिले भाषण गर्न सक्ने हुनु भएको छ। यो पनि उपलब्धि नै हो। यस्तै गरेर यहाँका दिदीबहिनीहरूलाई विभिन्न राजनीतिक दलमा पनि समावेस गराएका छन। त्यस्तै जल्ला स्तरका विभिन्न समितिहरूमा समेत उहाँहरूलाई समावेस गराइएको छ। महिला दिदीबहिनीहरूमा विभिन्न किसिमका तालिमहरूबाट मानव अधिकार, महिला अधिकार, महिला हिंसा, राजनीतिमा महिलाको स्थान बारेमा समेत जानकारी भएको छ। यसले गर्दा हामीहरूमा एकदमै सकरात्मक परिवर्तन आएको छ।

**नेतृत्व बिकास, महिला हिंसा बिरुद्धको अभियान, विभिन्न उत्सवहरूमा अस्पतालका बिरामीहरूलाई सहयोग, विभिन्न क्षेत्रका महिलालाई लिएर हामीले मञ्चवाट हरेक संस्थाहरूसँग समन्वय गरेर सहयोगका कार्यक्रम संचालन गर्दै आएका छौं। गाविसदेखि जिल्लासम्म यसको मुल्याङ्कन गर्दा खेरी निरास हुनु पर्ने कारण देख्दिन। अन्तरक्रिया कार्यक्रम, सेमिनार, गोष्ठिहरू र त्यसमा सीमान्तकृत महिलाहरूलाई सहभागी गराएर उहाँहरूवाट आएका आवाजहरूलाई एकै ठाउँमा राखेर सम्बधित क्षेत्रमा पुऱ्याउने काम गर्दै आएका छौं। त्यस्तै संङ्खुवासभा जिल्लमा हुनेगरेका महिला हिंसाहरू बारे पनि आवाज उठाउँदै आईरहेका छौं। हामीले घरेलु हिंसाका बारेमा महिलाहरूमा जनचेतना जगाएर सचेत पारेका छौं।**

➢ परियोजना त लगभग सकिइसक्यो जिल्ला र स्थानीय तहमा स्थापना भएको लोकतान्त्रिक महिला मञ्चलाई कसरी अगाडि लाने योजना छ तपाईहरूसंग ?

■ लोकतान्त्रिक महिला मञ्चको अवधि सकिए तापनि हामीले यसलाई संस्थागत रुपमा अघि बढाएर लैजाने योजना बनाएका छौं। यो गाबिस र जिल्ला लोकतान्त्रिक महिला मञ्चलाई एउटा संस्थाको रुपमा दर्ता गर्दैछौं। यसका लागि हामीले एउटा प्रस्तावना बनाएर पेस गरिसकेका छौं। लोकतान्त्रिक महिला मञ्चलाई परियोजनाले नहेरे पनि हामी आफै लोकतान्त्रिक महिला मञ्चबाट र स्थानीय निकाय र स्थानीय संघ संस्थाहरूसंग समन्वय गरेर लोकतान्त्रिक महिला मञ्चलाई अगाडि बढाएर निरन्तरता दिने निर्णय गरेका छौं।

CamScanner

# अब स्थानीय श्रोत परिचालनमा ध्यान दिन्छौ



**मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि राजनीतिक निकाय जिम्मेवार हुनुपर्छ ।**

*– भूवन कुँवर,* सदस्य, *कन्चनपुर लोकतान्त्रिक महिला मञ्च*

➢ नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि परियोजना तपाईको जिल्लामा कस्तो रह्यो ?

▪ यस परियोजनाले जुन लक्ष्य लिएको थियो, मलाई लाग्छ केही रुपमा त्यो पूरा गर्न सफल भएको छ । पूरै रुपमा हामीले सफलता लिएको मान्न नसके पनि आंशिक रुपमा चाहिं सफल भएको मान्नै पर्छ । मञ्चका साथीहरूले सञ्जालमा आवद्ध भएर, समूहमा संगठित भएर आफ्नो जीवनमा ठूलो परिवर्तन ल्याउन सफल भएका छन् । हाम्रो जिल्ला स्तरीय मञ्चका दुईजना साथीहरू हुनुहुन्छ । एकजना नेकपा एमालेको जिल्ला सदस्यमा निर्वाचित हुनुभएको छ भने अर्को सुदूरपश्चि महिला हिंसा न्यूनीकरण सञ्जालको संयोजक हुनुभएको छ । यसै परियोजनामा जिल्ला लोकतान्त्रिक महिला मञ्चको अध्यक्ष हुनुहुन्थ्यो, उहाँ पनि स्थानीय स्तरको संस्थामा कर्मचारी हुन सफल हुनुभएको छ ।

➢ परियोजनाले तपाईको जिल्लामा कस्तो खालका गतिविधि गरेको छ जसले महिलाहरूमा सकरात्मक परिवर्तन ल्याउन सफल भयो ?

▪ यो परियोजनाले समय सान्दर्भिक र हाम्रो समुदायमा आवश्यक परेको गतिविधि सञ्चालन गरे जस्तो मलाई लाग्छ । मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि राजनीतिक निकाय जिम्मेवार हुने हुँदा यो परियोजना राजनीतिसँग सम्बन्धित भएको हुनाले गाउँका महिला दिदीबहिनीहरूमा राजनीतिक चेतना जगाउन आवश्यक छ । उनीहरूलाई हामीलाई कुन स्तरसम्म अघि बढाउन सक्छौं र उनीहरूले कस्तो खालको अधिकार उपभोग गर्न सक्छन् भन्ने कुरालाई ध्यानमा राखेर गतिविधिहरू परियोजनाले समेटेको छ । ती गतिविधिमा गाविस र जिल्ला सञ्जालको महिलाहरू सक्रिया हुनुहुन्छ । उहाँहरूलाई तालिम, गोष्ठीहरूमा सहभागी गराइएको छ । उहाँले आफ्नो पहिचान अगाडि ल्याउन सफल हुनुभएको छ ।

➢ के यो परियोजनाले सीमान्तकृत महिलाहरूलाई राजनीतिमा सहभागी गराएको छ जस्तो लाग्छ ?

▪ एकदमै लाग्छ । परियोजनाले जुन जुन गाविस छनौट गरेको छ ती कन्चनपुर जिल्लामा बढी भन्दा बढी जनजाति भएका गाविस हुन् । जनजाति भएको सीमान्तकृतको हकमा चाँहि हामीले हाम्रो जिल्लामा दलित र पछाडि पारिएकोलाई छनौट गरेका थियौं । लक्ष्मी विक हाम्रो मञ्चको सदस्य, उहाँ पार्टीमा निर्वाचित हुनुभएको छ । जिल्ला लोकतान्त्रिक महिला मञ्को अध्यक्ष काली चौधरी जागिर पाउन सक्षम हुनुभएको छ । अन्य रुपमा चाँहि हामीले पिप्लाडी, रैकरविश्व र देखदपुलीको हकमा भन्नुपर्दा त्यहाँ सम्पूर्ण सक्रिया महिलाहरू हामीले जनजाति महिलाहरू नै पाएको हुनाले उपलब्धी भएको महशुस गरेको ठान्छु ।

➢ लोकतान्त्रिक महिलामञ्चले अन्य क्षेत्रका महिलाहरूसँग कसरी सहकार्य गरेर काम गरिरहेको छ ?

▪ यो कुरा चाँहि एकदमै महत्वपूण छ, किनभने समन्वय र सहकार्य विना कुनै सञ्जाल, समुह र समुदाय सफल हुन सक्दैन । त्यसैले हरेक गाविसदेखि जिल्ला स्तरसम्मा यो सञ्जालले आफ्नो गतिविधिहरूमा, छलफलका कार्यक्रमहरू संघ संस्थाहरूमा के कस्ता कामहरू भइरहेका छन् त्यसलाई ध्यानमा राखेर समय समयमा समन्वय गरी रहेको छ । सरोकारवाला निकायहरूसँग समन्वय बढाउने काम चाँहि यस परियोजना अर्न्तगत नै भएको हुनाले गाविस स्तरदेखि जिल्लास्तर सम्मका संघ संस्थाहरू र स्थानीय निकायसम्म हाम्रो समन्वयमा चाँहि राम्रो सुधार भएको जस्तो मलाई लाग्छ ।

➢ यस्तो परियोजना सञ्चालनको क्रममा कसैले विरोध गर्ने वा नकरात्मक पक्षहरू के पाउनुभएको छ ?

➢ कुनै पनि कुराका नकरात्मक र सकरात्कम दुवै पक्ष हुन्छन् । तर हामीले नकरात्मकलाई धेरै औंलाउनु भन्दा पनि सकरात्मक रुपमा यो कार्यक्रम

**समन्वय र सहकार्य विना कुनै सञ्जाल, समुह र समुदाय सफल हुन सक्दैन । त्यसैले हरेक गाविसदेखि जिल्ला स्तरसम्मा यो सञ्जालले आफ्नो गतिविधिहरूमा, छलफलका कार्यक्रमहरू संघ संस्थाहरूमा के कस्ता कामहरू भइरहेका छन् त्यसलाई ध्यानमा राखेर समय समयमा समन्वय गरी रहेको छ । सरोकारवाला निकायहरूसँग समन्वय बढाउने काम चाँहि यस परियोजना अर्न्तगत नै भएको हुनाले गाविस स्तरदेखि जिल्लास्तर सम्मका संघ संस्थाहरू र स्थानीय निकायसम्म हाम्रो समन्वयमा चाँहि राम्रो सुधार भएको जस्तो मलाई लाग्छ ।**

चाहि एकदम प्रभावकारी र सफलताको रुपमा लिन सक्छौं ।

➢ परियोजना त लगभग सकिसक्यो, जिल्ला र स्थानीय तहमा स्थापना भएका लोकतान्त्रिक महिला मञ्चलाई कसरी अगाडि लाने योजना छ त ?

▪ हामीलाई पनि नमिठो लागिरहेको छ, अब परियोजना त निश्चित अवधिको लागी मात्र आउँछ । हामीले जुन सञ्जालहरू गठन गरेका छौं ती भोलि के हुने त ? यसलाई हामीले कसरी निरन्तरता दिने भन्ने कुरामा पनि हामीले छलफल र सोचविचार गरिरहेका छौं । हामीले स्थानीय विकास कोष र जिल्ला विकास समिति मार्फत यस कार्यक्रमलाई निरन्तरता दिने सोचेका छौं । स्थानीय स्तरमा जुन स्रोतहरू छ ती स्रोतहरूलाई पनि हामीले खोज गरेर त्यो स्रोत मार्फत महिलाहरूलाई राजनीतिमा सहभागिता, क्षमता अभिवृद्धि गर्ने र उनीहरूको आय आर्जन गर्नमा थप भूमिका खेल्न पर्छ र यसलाई निरन्तरता दिनुपर्छ भनेर हामी विभिन्न गाविस र जिल्ला सञ्जालले सरोकारवाला र संघ संस्थाहरूसँग बसेर छलफल गर्दैछौं ।

# जिविस, गाविसहरुमा बजेट छुट्याउन बाध्य गरायौं

> नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरुको सहभागिता अभिवृद्धि परियोजना काभ्रे जिल्लामा कस्तो रह्यो ?

- परियोजनाले राजनीतिमा हाम्रो अधिकार के हो भन्ने कुरा जिल्लाका ५ वटा गाविसहरुमा राम्ररी बुझाउन सकेको छ । एकदमै पिछडिएका दिदीबहिनीहरुलाई काम गर्दै जाँदा आफ्नो अधिकार र राजनीति भन्ने कुरा नबुझेको बेलामा यो परियोजनाको सहयोगमा बारेमा धेरै ज्ञान दिने काम छ। हाम्रा सीमान्तकृत दिदीबहिनीहरुले राजनीति भनेको के भन्ने कुरा बुझेका थिएनन् । यो परियोजनाको सहयोगले अहिले हाम्रा दिदीबहिनीहरु आर्थिक, भौगोलिक र सामाजिक कुराको बारेमा बुझ्नुको साथै आफ्नो हितको लागि सार्वजानिक कुरा के हो भन्ने कुरा बुझेका छन् भने इतिहासको कुराहरु पनि बुझ्नुभएका छन् । त्यसै गरी समाजमा जाँडरक्सी खाने, बालविवाह गर्ने, सौता ल्याई आफ्ना श्रीमतीलाई हेला गर्ने पुरुषहरुलाई समेत सल्लाह र परामर्श दिन सक्ने भएका छन् ।

> परियोजनाले तपाईंको जिल्लामा कस्ता गतिविधि गऱ्यो जसले महिलाहरुमा सकरात्मक परिवर्तन ल्यायो ?

- यस परियोजनाले एकदमै पिछडिएका महिलाहरुलाई जसले आफूलाई खोलेर चिनाउन नसक्ने, बोल्नै नसक्ने र घरदेखि बाहिरा आउन नसक्ने दिदीबहिनीलाई लक्षित गरेर परिचालन गरेको काम पूर्ण भए जस्तो मलाई लाग्छ ।

> लोकतान्त्रिक महिला मञ्चले अरु क्षेत्रका महिलाहरुसँग कसरी सहकार्य गरेर अगाडि बढ्नुभएको छ ?

- हामीले महिलाको क्षेत्रमा कार्यरत संस्थाहरुसँग सल्लाह गर्ने, छलफल गर्ने, विचार विमर्श गर्ने काममा समन्वय गर्दै सहकार्य गरिरहेका छौं ।

> कस्तो सहयोग पाउनुभो अरु क्षत्रका महिलाहरुबाट ?

- अरु क्षेत्रका महिलाहरुबाट हामीले धेरै राम्रा सल्लाह सुझावहरु पाएका छौं ।

> लोकतान्त्रिक महिला मञ्च सीमान्तकृत महिलाहरुलाई राजनीतिमा सहभागी गराउन सफल भएको छ ?

- सरकारले बनाएको ३३ प्रतिशत भन्ने कुरा त अझ पनि लागु भएको छैन तर यो परियाजनाले हाम्रो जिल्लामा सहयोग गरेर यो दुई बर्षको अन्तरालमा राजनीतिमा चासो राख्दै हरेक कुरामा हाम्रा दिदीबहिनीहरुलाई सघाएको छ ।

> परियोजना सञ्चालनपछि स्थानीय तहमा महिलाहरुमा कस्तो परिवर्तन भएको पाउनु भएको छ ?

- फालाटेमा हाम्रा दुईजना बहिनीहरु हुनुहुन्छ । उहाँहरुचाहि टेष्ट दिएर बस्नुभएको थियो यो परियोजना आएपछि पढ्नुपर्ने रहेछ, शिक्षा बिना केही पनि गर्न नसकिने रहेछ भनेर फेरी पढेर यस पाली एस.एल.सी. पास गर्नु भएको छ । हाम्रा दिदीबहिनीहरुले समाजमा भएका कुसंस्कार हटाएर सुसंस्कार ल्याउनको लागि देउसी भैलो कार्यक्रम, नाटक प्रदर्शनी र घर दैलो कार्यक्रम राखेर अघि बढ्नुभएको छ । चेतना जगाउने र जागरण ल्याउने क्षेत्रमा पनि निकै उपलब्धि भएको छ ।

**"समाजमा जाँडरक्सी खाने, बालविवाह गर्ने, सौता ल्याई आफ्ना श्रीमतीलाई हेला गर्ने पुरुषहरुलाई समेत सल्लाह र परामर्श दिन सक्ने भएका छन् ।"**



*– गोमा गोले, अध्यक्ष, काभ्रे जिल्ला लोकतान्त्रिक महिला मञ्च*

> परियोजना त लगभग सकियो नि, जिल्ला र स्थानीय तहमा स्थापना भएका लोकतान्त्रिक महिला मञ्चहरुलाई कसरी अगाडि लाने योजना छ तपाईहरुसँग ?

- हामीले यो भन्दा अगाडि जिल्लास्तरमा जिल्लाकै काम गरेको हुनाले जिल्लामा बैठक बसेर एउटा निवेदन पनि गऱ्यौं र हामीलाई जिल्ला विकास समितिबाट दुई लाख पचास हजार बजेट पनि छुट्टाईएको छ । हाम्रा दिदीबहिनीहरुले परिषदमा गएर हामीले बोल्न पाउँदैन । त्यहाँ पुरुषले मात्र बोल्ने हो भन्ने कुरा बुझेका रहेछन् । तर यो परियोजनको सहयोग र परामर्शले गर्दा हाम्रा पाँचवटा गाबिसका दिदीबहिनीहरुले परिषदमा गएर हाम्रो गाउँको लोकतान्त्रिक महिला मञ्चको लागि पनि बजेट छुटाउनु पर्छ भनेर आवाज निकल्नुभयो । अहिले गाविसमा पनि ४०/५० हजार ५०/६० हजार छुटाउनुभएको छ । अब हामी यस मञ्चलाई दर्ता गरेर यो परियोजना सकिए पनि यसलाई नछोडिकन अघि बढाउने योजनामा छौं ।

**हाम्रा दिदीबहिनीहरुले समाजमा भएका कुसंस्कार हटाएर सुसंस्कार ल्याउनको लागि देउसी भैलो कार्यक्रम, नाटक प्रदर्शनी र घर दैलो कार्यक्रम राखेर अघि बढ्नुभएको छ । चेतना जगाउने र जागरण ल्याउने क्षेत्रमा पनि निकै उपलब्धि भएको छ ।**

## संखुवासभामा.....

अधिकारको बारेमा समेत जानकारी गराउन सफल भएको छ ।

सरिता राई बानेश्वर- सुरुमा केही मात्रमा बोल्न सक्ने भए तापनि लोकतान्त्रिक महिला मञ्चमा सहभागी भएपछि सबै कुरा (मानवाधिकार, जनवकालत, सामाजिक विभेद, घरेलु हिंसा लगायत) कुराहरुमा थाहा भएपछि निर्धक्क बोल्न सक्ने भइयो, यतिमात्र होइन नेपालको पाँचै वटा विकास क्षेत्रको समस्याहरु र सफलताहरु पत्रपत्रिका र रेडियो कार्यक्रमबाट थाहा पाउँदा अनि गाउँदेखि राष्ट्रपतिसम्म भेट्दाको अनुभवले पनि धेरै पाठ सिकेको छु । साँच्चिकै यो परियोजना सञ्चालन गरिएका गाविसहरुमा ठूलो जागरण ल्याएको छ भन्दा अतियुक्ति नहोला ।

शिला श्रेष्ठ अध्यक्ष, जिलोमम संखुवासभा- परियोजनाको नेतृत्व संखुवासभामा सकारात्मक भूमिका रहेको पाइन्छ, चुलाचौकामा सीमित ग्रामीण स्तरका महिला दिदीबहिनीहरु परियोजनाले गर्दा जिल्ला हुँदै राजधानीसम्म आफ्ना समस्या राख्न सफल भएका छन् । ती समस्याहरुको कानुनी समाधान समेत खोज्न सफल भएका छन् । जिल्लामा सञ्चालित घरेलु हिंसा, मानवाधिकार, लोकतन्त्रको आधारभूत सिद्धान्त लगायत स्थानीय स्तरमा सञ्चालन गर्न सक्ने जनवकालतबाट परियोजना सञ्चालित गाविसहरुमा दिदीबहिनीहरुको जीवनस्तरमाथि उठेका उदाहरणहरु प्रशस्तै भेट्न सकिन्छ । यसका साथै त्रैमासिक रुपमा प्रकाशित महिला विचार साप्ताहिक रुपमा प्रशारित महिला आवाज कार्यक्रमले धेरै महिलाहरुमा चेतनाको स्तर बढाउन सकेको छ । रेडियो कार्यक्रमलाई निरन्तरता दिनको लागि हामीले आफ्नै पहलमा पुनःसञ्चालन लागि परेका छौं ।

बानेश्वर लोकतान्त्रिक महिला मञ्च, संखुवासभाका गतिविधि

- ०६७ जेठ ५ गते बैठकमा सञ्जाल तथा मञ्चको नयाँ कार्यसमितिको गठन, (छनोट पुनर्गठन) सल्लाहकार समिति गठन)
- २०६७ असार २ गते बैठकमा सिलाई कटाई मेशिन बिक्री (४ वटा २०% छुटमा) सुशासन तथा नेतृत्व विकास तालिम । असार ३१ बैठकमा गाउँ परिषद्बाट विनियोजित रकमको बजेट कार्यक्रम पेश ।
- २०६७ जेठ २९ मा दैवीपीडितलाई सहयोग सम्बन्धमा रिना कार्कीलाई एकहजार रुपिया सहयोग ।
- २०६७ साउन २३ मा लैंगिक समानता र यसको लागि स्थानीयस्तरमा गर्नुपर्ने क्रियाकलापको बारेमा जानकारी । भदौ १२ मा तीज विशेष कार्यक्रम, ५९ वर्ष माथिका ३६ जना एकल महिलाहरुलाई रातो लगाउ अभियान सञ्चालन गरेको ।

CamScanner

# जागरण अभियानमा प्रकाशनको सक्रियता




**पत्राचारको लागि ठेगाना:**

पोष्ट बक्स नम्बर : ११९२३, काठमाडौं, फोन: ०१-४९९००६३, फ्याक्स: ०१-४९९१०३७

ईमेल: niwfnepal@gmail.com

CS CamScanner